# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८ ) काठमाडौं, असार २० गते २०४५ साल ( संख्या १२


## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको

### सूचना १

**कपास विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४५**

कपास विकास समिति (गठन) आदेश, २०३७ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "कपास विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. कपास विकास समिति (गठन) आदेश, २०३७ को दफा १ मा संशोधन : कपास विकास समिति (गठन) आदेश, २०३७ (यसपछि "मूल आदेश" भनिएको) को दफा १ को उपदफा (२) मा रहेको "र पाँच वर्षको लागि कायम रहनेछ" भन्ने वाक्यांश झिकिएको छ ।

३. मूल आदेशको दफा ३ मा संशोधन: मूल आदेशको दफा ३ को उपदफा (२) को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | सचिव, कृषि मन्त्रालय | – अध्यक्ष |
| (ख) | प्रतिनिधि, उद्योग मन्त्रालय | – सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| (घ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | – सदस्य |
| (ङ) | चीफ कन्जरभेटर, वन विभाग | – सदस्य |
| (च) | महानिर्देशक, कृषि विभाग | – सदस्य |
| (छ) | महाप्रबन्धक, नेपाल पुनर्वास कम्पनी | – सदस्य |
| (ज) | कार्यकारी अध्यक्ष तथा महाप्रबन्धक हेटौंडा कपडा उद्योग | – सदस्य |
| (झ) | प्रतिनिधि, नेपाल किसान संगठन | – सदस्य |
| (ञ) | परियोजना प्रमुख, कपास विकास समिति | – सदस्य-सचिव |

४. मूल आदेशको दफा १० मा संशोधनः मूल आदेशको दफा १० मा रहेको "उद्योग मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कृषि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

## सूचना २

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन गोर्खा, धादिङ, नुवाकोट, धनकुटा र सुर्खेत जिल्लाका सम्पूर्ण क्षेत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने गरी तोकेकोले यो आदेश जारी गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी विभिन्न वनस्पति तेलहरूको गुणस्तर वा मात्रा निर्धारण गर्ने सम्बन्धमा खण्ड ३६ संख्या ३७ मिति २०४३।६।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ०२.०७ प्रशोधित खाने वनस्पति तेलको अन्तमा देहायबमोजिमको द्रष्टव्य राखिएको छ ।

द्रष्टव्यः– उद्योगको प्रयोजनको लागि बाहेक अन्य साधारण बिक्री वितरणको लागि विदेशबाट आयात गरिने कुनै पनि वनस्पति तेल, घ्यू इत्यादि मानव उपभोगको लागि उपयुक्त हुने गरी प्रशोधन गरिएको हुनुपर्दछ ।

आज्ञाले,
अक्रूरनरसिंह राणा
श्री ५ को सरकारको सचिव

90C



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।